# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल

प.सं.:- प्र/०८०/०८१
चलानी नं. :- २९४

मिति :- २०८०/०७/०२

विषय :- सुझाव कार्यान्वयन सम्बन्धमा ।

श्रीमान् नगर प्रमुख ज्यू,
श्रीमान् उप प्रमुख ज्यू,
श्री वडा कार्यालय सबै, (१ देखि ११ सम्म)
मिथिला नगरपालिका ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स २०८०/०८१ च.नं.२५१ मिति२०८०/०७/०१को पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. ४/स्थानीय/०८०/८१ च.नं.१९१४५ मिति २०८०/०६/२३ गते उक्त विषयको पत्रको छायाँकपी यसै साथ संलग्न छ । व्यहोरा अध्ययन गरी सुझाव कार्यान्वयनको लागि आदेशानुसार अनुरोध छ ।

.............................
बसन्त न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ तथा कार्यार्थ**
श्री सबै शाखा प्रमुख ज्यूहरु,
मिथिला नगरपालिका ।



वेब साइट : www.mithilamun.gov.np
ईमेल नं. mithilamunicipality81@gmail.com सम्पर्क नं. ९७७-०४१-५६००४६

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सूचना तथा प्रविधि शाखा

सिंहदरबार, काठमाडौं

प.सं.: २०८०/८१

मितिः- २०८० कार्तिक १ गते

च.नं.: २४१

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु — सबै ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. ४ को मिति २०८०।६।२३ च.नं. १९१४५ को पत्र यसै साथ संलग्न रहेको छ । व्यहोरा पत्रवाटै अवगत गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१)(ख) बमोजिम आयोगको मिति २०८०।६।२२ को निर्णयानुसार सवै स्थानीय तहहरुलाई यस मन्त्रालय मार्फत देहायको सुझाव दिन भनी लेखी आएको हुँदा उक्त सुझाव कार्यान्वयन गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

**सुझाव**

"स्थानीय तहहरुले विनियोजित बजेट र कार्यक्रम कार्यान्वयन गर्दा नेपालको संविधान र सम्बन्धित प्रचलित कानुनले तोकेको मापदण्ड, कार्यविधि र निर्देशिकाको पूर्णतः परिपालना गर्नु हुन र कार्यक्रम र खर्च शिर्षक फरक पारी भुक्तानी गर्ने गरेको हकमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन/नियमले तोके बमोजिम कार्यक्रम संशोधन र रकमान्तर गरेर मात्र खर्चको भुक्तानी र लेखाङ्कन गर्न हुन । "

मिथिला नगरपालिका
दर्ता नं. १२२६
मिति २०८०।०७।०२

शेखर निधि पौड्याल
शाखा अधिकृत

बोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
महाशाखा नं. ४, टङ्गाल, काठमाडौं ।

फोन नं. : (+९७७)-(१)-४२००३०६
इमेलः it.section@mofaga.gov.np, वेबसाईटः www.mofaga.gov.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

पत्र संख्या :- ४।स्थानीय । ०८०।८१

चलानी नं :- १९१८४

मिति: २०८०।०६।२३

विषय : सुझाव दिईएको सम्वन्धमा ।

अत्यन्त जरुरी/गोप्य

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

यस आयोगमा दर्ता भएको उ.द.नं. ०६८२३० मिति २०८०।०३।०३ को जिल्ला धनुषा, मिथिला नगरपालिकाले आ. व. २०७८।७९ मा वाडा नं. १ मा शितल गुम्बाको घेरावार कार्य, वडा नं. ३ मा मदरसा निर्माण कार्य र वडा नं. ६ मा कविर सतसंग निर्माण कार्यको बजेट विनियोजन नभए पनि विपन्न समुदायको लागि फर्निचर शिर्षकमा विनियोजित बजेटबाट उक्त निर्माण कार्य गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा कारवाही हुँदा मिथिला नगरपालिकाले उक्त आयोजनाहरु नगरसभाबाट विनियोजन भए अनुसार खर्च गर्नु पर्नेमा कार्यपालिकाको निर्णयको आधारमा खर्च गरेको देखिएकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८(१)(ख) बमोजिम तहाँ मार्फत सबै स्थानीय तहहरुलाई निम्नानुसार सुझाव लेखी पठाउने भन्ने आयोगको मिति २०८०।०६।२२ को निर्णयानुसार अनुरोध छ ।

आयोगको सुझाव

" स्थानीय तहहरुले विनियोजित बजेट र कार्यक्रम कार्यान्वयन गर्दा नेपालको संविधान र सम्बन्धित प्रचलित कानुनले तोकेको मापदण्ड, कार्यविधि र निर्देशिकाको पूर्णतः परिपालना गर्नु हुन र कार्यक्रम र खर्च शिर्षक फरक पारी भुक्तानी गर्ने गरेको हकमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन/ नियमले तोके बमोजिम कार्यक्रम संशोधन र रकमान्तर गरेर मात्र खर्चको भुक्तानी र लेखाङ्कन गर्न हुन " ।

(विष्णुहरि बाग्ले)
उप सचिव

बोधार्थ:

श्री महाशाखा नं. १०,
अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौं ।

८२४
२०८०।६।३०

९६२
०८०।६।३०